जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०२८ | २०८२ साल भदौ २५ गते बुधवार | Wednesday-10-September-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# जेनजीको आन्दोलनले बारा सहित देशभर ठाउँठाउँमा तोडफोड सहित आगजनी

***शु.आ. सम्बाददाता***
***कलैया, २४ भाद्र***

जेनजी पुस्ताले भ्रष्टाचार, बेतिथि, नेपोकिड्स, र सामाजिक सञ्जाल बन्दको विरुद्धमा सोमबार बिहान ११ बजेबाट आन्दोलन सुरु गरेका छन् । सोमबार शुरु भएको आन्दोलनमा प्रहरीले व्यापक दमन गर्दै चलाएको गोलीले १९ जनाको मृत्यु भएको छ ।भने तिन सय भन्दा बढि घाईते भएका छन् । ठूलो संख्यामा मृत्यु र घाइते भएपछि आन्दोलनको राप बढ्दै गयो । ठूलो संख्यामा मृत्यु र घाइते भएपछि आन्दोलनको राप मंगलबार बिहानै बाटै बढेको छ । मँगलबार बिहान देखि बारा सहित देशभर आन्दोलनकारीले तोडफोड सहित आगजनी गरेका छन् । कलैया स्थित नेकपा एमाले पार्टी कार्यालय, सरकारी वकिल कार्यालय, जसपा नेपालको पार्टी कार्यालय, कलैया उपमहानगरपालिकाको कार्यालय सहित उपराष्ट्रपति रामसहाय यादवको कलैया स्थित घरमा , प्रदेश सभा सदस्य रबिन्द्र श्रेष्ठको घरमा , कलैया उपमहानगरपालिकाको नगरप्रमुख बिनोद साहको घरमा र महागढीमाई नगरपालिकाको नगरप्रमुख उपेन्द्र यादवको कलैया स्थित घरमा समेत तोडफोड सहित आगजनी गरेका छन् । त्यस्तै बारागढी गाउँपालिकाको



कार्यालयमा तोडफोड गरीएको छ । भने कोल्हवी नगरपालिका स्थित नेकपा एमालेको पार्टी कार्यालय र नेपाली कांग्रेसको पार्टी कार्यालयमा तोडफोड सहित आगजनी गरीएको छ ।
त्यस्तै पर्साको बीरगंजमा वीरगंज महानगरपालिकाको कार्यालय ,नेपाली कांग्रेस पर्साको पार्टी कार्यालय,नेकपा एकाले पर्साको पार्टी कार्यालय , नेपाल टेलिकमको घण्टाघर स्थित कार्यालय ,घरिअर्वामा स्थित आन्तरिक राजश्व कार्यालय , पूर्वखानेपानी मन्त्री एवं जसपा नेता प्रदिप यादवको घर , पूर्व कानुनमन्त्री एवं नेपाली काग्रेसका नेता अजय कुमार चौरसियाको घर , पूर्व सघीय मामिला तथा समान्य प्रशासन मन्त्री नेकपा एमालेका नेता राजकुमार गुप्ताको घर , घण्टाघर स्थित नेपाल प्रहरी प्रहरी विट , माइस्थान स्थित प्रहरी विट ,वीरगंज महानगरपालिका मेयर राजेशमान सिहको घर , मधेश प्रदेशका पूर्वमुख्यमन्त्री मो. लालबाबु राउत गदीको मुर्ली स्थित घर र वीरगंजको पावर हाउस स्थित नेपाल काग्रेसका नेता अनिल रूगटाको घरमा तोडफोड गरीएको छ ।
स्थित नियन्त्रणमा लिन बाराको प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले मँगलबार दिउँसो २:०० बजे देखि राति ८:०० बजेसम्म कलैया उपमहानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिकामा निषेध आज्ञा नै जारी गरेका थिए । भने पर्साको प्रमुख जिल्ला अधिकारी तोयानाथ सुबेदीले बिरगंज क्षेत्रमा अनिश्चित कालिन निषेध आज्ञा जारी गरेका छन् ।

# जेनजीको प्रदर्शनले ३० घण्टा मै देशमा आमूल परिवर्तन

***शु.आ. सम्बाददाता***
***कलैया, २४ भाद्र***

जेनजी पुस्ताको आन्दोलनले २७ घण्टा मै देशमा आमुल परिबर्तन ल्याएको छ । जेनजी आन्दोलन देशको भ्रष्टाचार , कुशासनको अन्त्य गर्न सोमबार देखि देशभर नै चर्को छ ।
उक्त आन्दोलनले सोमबार नै प्रहरीको दमनले चलाएको गोलि बाट १९ जनाको ज्यान गएको छ । भ्रष्टाचारविरोधी प्रदर्शनमा अत्याधिक बल प्रयोग भएपछि गृहमन्त्री रमेश लेखकले सोमबार नै राजीनामा दिएका थिए । भने मँगलबार दोस्रो दिनको आन्दोलनले प्रधानमन्त्री केपी शर्मा ओली सहित खानेपानी मन्त्री प्रदिप यादव , कृषि बिकास मन्त्री रामनाथ अधिकारी, स्वास्थ्य मन्त्री प्रदिप पौडेल , मधेश प्रदेशको मुख्यमन्त्री सतिश कुमार सिंह , मधेश प्रदेशको अर्थ मन्त्री सुनिल कुमार यादवले आफ्नो पदबाट राजिनामा दिएका छन् ।
प्रधानमन्त्री केपी शर्मा ओली बाहेकका मन्त्री तथा मदेश प्रदेशको मुख्यमन्त्री सिंहले राजिनामा दिदैं जेनजी आन्दोलनलाई समर्थन गरेका छन् ।
त्यस्तै जनमत पार्टीका केन्द्रीय अध्यक्ष डा. सीके राउतले प्रतिनिधिसभा सदस्य पदबाट राजीनामा दिएका छन्





।देशको वर्तमान आन्दोलन र अवस्थालाई 'नौलो गणतन्त्र'ले मात्र सम्बोधन गर्न सक्ने आस्थाका साथ आफूले पदबाट राजीनामा दिएको राउतले राजीनामा पत्रमा लेखेका छन् । साथै अध्यक्ष राउतले पटक-पटक मन्त्री र उपप्रधानमन्त्री बन्ने अवसर आउँदा पनि आफूले पदको लालच नराखेको र जनतासँग उभिएको र जनतासँगै उभिने स्मरण समेत गराउदै राजीनामा दिएका छन् ।
त्यस्तै रास्वपाका दुई सांसदले राजीनामाको घोषणा गरेका छन् । ललितपुरबाट प्रत्यक्ष निर्वाचित डा. तोसिमा कार्की र समानुपातिकतर्फका सांसद असिम शाहले राजीनामा दिएका हुन् । उहाँहरुले जेन-जीको आन्दोलनलाई साथ दिन आफूहरूले राजीनामा दिएको बताएका छन् ।
त्यस्तै नागरिक उन्मुक्ति पार्टीको अध्यक्ष रंजिता श्रेष्ठले सँसद पदबाट राजीनामा दिएकी छिन् ।उनले राजीनामा घोषणा गर्दै 'जेनजी'को प्रदर्शनप्रति ऐक्यबद्धता जनाएकी छिन्

# जेनजी प्रदर्शनमा ज्यान गुमाएका युवाप्रति श्रद्धाञ्जली अर्पण

***शु.आ. सम्बाददाता***
***कलैया, २४ भाद्र***

जेनजी प्रदर्शनमा ज्यान गुमाएका युवाप्रति मँगलबार बेलुका बारा सहित देशभर श्रद्धाञ्जली अर्पण गरीएको छ । जेनजीले सोमबार गरेको प्रदर्शनमा प्रहरीले दमन गरी चलाएको गोली लागी १९ जनाको मृत्यु भएको छ । उनीहरुको मृत्युमा श्रद्धाञ्जली अर्पण गर्न जेनजीले आह्वानमा बारा सहित देशभर मैनबत्ति बाली श्रद्धाञ्जली अर्पण गरीएको छ ।
बाराको फेटा गाउँपालिका स्थित शेषनाथ यादवको नेतृत्वमा स्थानीयहरुले दिप प्रज्वलित गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ ।



# सँस्थागत तथा सार्वजनिक बिधालयमा शोक बिदा

***शु.आ. सम्बाददाता***
***कलैया, २४ भाद्र***

जेन-जी आन्दोलनका क्रममा भएको मानवीय क्षतिप्रती दुःख व्यक्त गर्दै बाराको सम्पुर्ण स्थानिय तहले मँगलबार शोक बिदा दिएको छ । भने कलैया उपमहानगरपालिका, विश्रामपुर गाउँपालिका र सिम्रौनगढ नगरपालिका मँगलबार र बुधबार गरी दुई दिन शोक बिदा दिएको छ ।
त्यस्तै पचरौता नगरपालिकाले बिहिबारसम्म् गरी तिनको शोक बिदा दिएको छ ।
साथै सँस्थागत बिधालयको प्याब्सन र एन प्याब्सनले समेत मँगलबार शोक





बिदा दिने निर्णय गरेको थियो ।
देशव्यापी प्रदर्शनको क्रममा प्रहरीले चलाएको गोली लागी विद्यार्थीको मृत्यु भएपछि स्थानीय तहले शैक्षिक संस्थामा पठनपाठन बन्द गरी शोक विदा दिने निर्णय गरेको थियो ।

# राष्ट्रपति पौडेलले गरे सबै पक्षलाई वार्तामा आउन अपिल

***बारा, २४ भाद्र***

राष्ट्रपति रामचन्द्र पौडेलले विषम परिस्थितिको शान्तिपूर्ण समाधानका लागि आन्दोलनकारी एवं नागरिक लगायत सबैलाई सहयोग गर्न आग्रह गरेका छन् ।
उनले मँगलबार एक विज्ञप्ति मार्फत लोकतन्त्रमा नागरिकले उठाएका मागहरू जेन-जीका प्रतिनिधिसमेत बसी वार्ता र संवादमार्फत समाधान गर्न सकिने भएकाले संयमित हुन र वार्तामा आउन सबै पक्षलाई अपिल गरेका हुन् ।
उनले प्रधानमन्त्री केपी शर्मा ओलीको



राजीनामा स्वीकृत भइसकेकाले अहिलेको विषम परिस्थितिबाट मुलुक, जनता र लोकतन्त्रलाई माया गर्दै समस्या समाधानका लागि सबै पक्षले सहयोग गर्ने विश्वास व्यक्त गरेका छन् ।

# झलनाथ खनालकी श्रीमती चित्रकारको कीर्तिपुर अस्पतालमा मृत्यु

***काठमाडौं, २४ भाद्र***

जेन-जी पुस्ताका नाममा भएको आन्दोलन केही स्थानमा अराजक बनेको छ । यो समूहले काठमाडौँको डल्लुस्थित पूर्वप्रधानमन्त्री झलनाथ खनालको निवासमा आगो लगाएका छन् । उनीहरूले श्रीमती राज्यलक्ष्मी चित्रकार घरभित्रै रहेको अवस्थामा आगो लगाइदिएका हुन् । आगोका कारण घरभित्रै जलेकी उनको अवस्था गम्भीर रहेको थियो ।
प्रदर्शनकारीले डल्लुस्थित घरमा आगो लगाउँदा गम्भीर घाइते भएकी चित्रकारको उपचारका क्रममा कीर्तिपुरस्थित जलन अस्पतालमा



निधन भएको पार्टी नेतृ दिलु पन्तले जानकारी दिएकी छिन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# जनआक्रोश सम्बोधन जरुरी

सरकारले नियमनका नाममा सामाजिक सञ्जाल नियन्त्रण गर्ने जुन कदम चालेको छ, यसले आमनागरिकमा यतिबेला आक्रोश बढेको पाइएको छ । पछिल्लो समय सामाजिक सञ्जाल प्लेटफर्म आममानिसको दैनिकीजस्तै बन्न पुगेको सन्दर्भमा सरकारले प्रतिबन्धको मार्ग अवलम्बन गर्नु अलोकतान्त्रिक चरित्र हो । आलोचनाबाट तर्सिएको सरकारको यो कदमले अहिले सडक आन्दोलनको रूप लिइसकेको छ । नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने जेनजीले माइतीघर मण्डला र संसद् भवनअगाडि आन्दोलन गर्ने घोषणा गरेसँगै देशभरका युवा आन्दोलित हुँदा १९ जनाले ज्यान गुमाएका छन् भने ३४७ जना घाइते भएका छन् । सामाजिक सञ्जाल आमनागरिकको पहुँचमा पुगेको सन्दर्भमा यसलाई हठात्मा नियन्त्रण गर्न खोज्दा जनस्तरमा आक्रोश बढेको छ, जुन स्वाभाविकै पनि हो । नेपालको संविधान २०७२ ले नागरिकलाई विचार, अभिव्यक्ति तथा प्रकाशनको स्वतन्त्रता सुनिश्चित गरेको छ । धारा १७ (२) (क) ले हरेक नागरिकलाई आफ्नो विचार व्यक्त गर्ने अधिकार दिएको छ भने धारा १९ ले प्रेस तथा प्रकाशन स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । सरकारले ल्याएको सञ्चार तथा सूचना प्रविधिसम्बन्धी ऐन, नियम निर्देशनहरूले नागरिक अधिकारको हनन गरेको छ । संविधानप्रदत्त अधिकारहरू नागरिक जीवनका आधारस्तम्भ भएकाले कुनै पनि बहानामा नागरिक स्वतन्त्रतामाथि प्रत्यक्ष वा अप्रत्यक्ष असर गरिनु हुँदैन ।

सामाजिक सञ्जालमार्फत विकृति र समस्या बढेको विषयलाई नजरअन्दाज गर्न मिल्दैन । व्यक्तिको चरित्रहत्या, अश्लील सामग्री, फेक न्युज, साइबर क्राइम, हनी ट्र्याप, ठगीजस्ता घटनाले सामाजमा नकारात्मक प्रभाव पारेका थुप्रै दृष्टान्त छन् । यस्तो समस्या समाधानका लागि सरकारले डिजिटल साक्षरता अभिवृद्धि कार्यक्रम, तथ्य जाँच गर्ने विधि र हानिकारक सामग्री नियन्त्रणको प्रयास गर्नुपर्छ, सामाजिक सञ्जाल पूर्णरूपमा बन्द गराउने होइन । सर्वप्रथम नियमनका लागि ठोस कानुन निर्माण गर्नुपर्छ । त्यही कानुनबमोजिम सामाजिक सञ्जाल प्लेटफर्महरूसँग सहकार्य गरी हानिकारक सामग्रीको नियन्त्रण गर्ने अभ्यास गर्नुपर्छ । यस्तो अभ्यास विश्वका थुप्रै देशले अङ्गीकार गरेका छन् । नेपालले हतारमा कठोर नीति अपनाउँदा बहुआयामिक असर परेको हो । यसले सरकारलाई थप आलोचित बनाएको छ । सुशासन, विकास र समृद्धि दिन नसकेको सरकारले आफूविरुद्ध बढ्दै गएको आलोचनालाई निरुत्साहित गर्ने नियतका साथ यस्तो कदम चालेको हो भन्ने आमबुझाइ छ । यही बुझाइले गर्दा अहिले आन्दोलनको रूप लिएको हो । जनता र सरकारबीचको यही अविश्वासको खाडल बढ्दै गयो भने यसले दीर्घकालीन राजनीतिक अस्थिरता निम्त्याउने जोखिम बढ्नेमा कुनै द्विविधा छैन ।

देशमा मौलाएको भ्रष्टाचार, ढिलासुस्ती, नातावाद, कृपावादजस्ता प्रवृत्तिविरुद्ध जनताले प्रकट गर्ने माध्यम नै सामाजिक सञ्जाल हो । सरकारले जनआकाङ्क्षा पूरा गर्न नसक्दा जनतामा निराशा झन् तीव्र बनेको छ । सामाजिक सञ्जाल बन्द हुँदा यसको असर सामाजिक, आर्थिक, प्रशासन, राजनीतिक स्थायित्वमा समेत पर्ने देखिन्छ । सूचनाको प्रभावकारी माध्यम बनेको सामाजिक सञ्जाल बन्द हुँदा डिजिटल मार्केटिङ, कन्टेन्ट क्रियसन, अनलाइन मार्केटिङमार्फत रोजगारी सिर्जना गर्नेहरूसमेत प्रत्यक्ष मारमा परेका छन् । बेरोजगारी दर उच्च रहेको मुलुकमा हजारौँ युवा यही माध्यमको प्रयोग गरी स्वरोजगार बनेको अवस्था छ । अझै महत्वपूर्ण त विदेशमा रहेका परिवारका सदस्यहरूको सम्पर्कको माध्यम नै सामाजिक सञ्जाल रहेको परिप्रेक्ष्यमा उनीहरू सम्पर्कविच्छेद भएका छन् । नेपालजस्तो मुलुकले जनआवाज सुन्ने माध्यमलाई निस्तेज बनाएर होइन, सहज बनाएरमात्रै लोकतान्त्रिक मूल्यमान्यतालाई मजबुत बनाउन सक्नुपर्छ । जनता र सरकारबीचको दूरी बढ्नु भनेको राजनीतिक अस्थिरता र सामाजिक द्वन्द्व बढ्नु हो । सरकारले लोकतन्त्रको आधार नै जनआवाज रहेको तथ्यलाई मनन गरी जनअपेक्षा सुन्न र ग्रहण गर्ने संस्कारलाई आत्मसात् गरी समयमै सामाजिक सञ्जाल खुला गरी व्यवस्थित नियमनको मार्ग अवलम्बन गर्नेतर्फ लाग्नु आवश्यक देखिन्छ ।

# ती बीपी, यी 'जेन-जी'



*डा. शोभाकर पराजुली*

म तरुणहरूलाई उमेरले मान्दिनँ । मैले कतिपय उमेरका तरुणहरूलाई देखेको छु । जो भीरु, रुढिवादी, उत्साहरहित, आदर्शशून्य छन् । त्यस्तालाई म तरुण मान्दिनँ । उमेरले तरुण नभएता पनि मेरो माथि उल्लेख गरेको तारुण्यको सर्त मुताविक म आफूलाई तरुण भन्ठान्छु । मैले कतिपय उमेरका बुढाहरूलाई देखेको छु, जो तरुणलाई उत्साहद्वारा मात गर्छन् । मेरो दृष्टिमा तरुणोचित गुणले एउटा शक्ति तरुण कहलाउने अधिकार पाउँछ न कि उमेरले' युवापुस्ताबारे बीपी कोइरालाले भन्नुभएको थियो ।

राणापछि फेरि जनताबाट राजाले खोसेको प्रजातन्त्रका लागि क्रान्ति छेडेका बीपीले २०३६ सालमा टुँडिखेलमा भएको एउटा विशाल जनसभालाई सम्बोधन गर्दै युवा पुस्तालाई आफूसँगै तुलना गर्दै यसरी सम्झिनुभएको थियो- 'मभन्दा धेरै दुःख पाएका र यातना सहेका, त्याग गरेका, तपस्या गरेका हाम्रो मुलुकमा सयकडौं यङमेन (युवा)हरू छन् । म त चिनिएको छु, अरूहरू त प्रजातन्त्रको जगमा त्यस्ता गडेका पत्थरहरू हुन्, जसलाई कसैले छिन्दैन । प्रजातन्त्रको त्यो मन्दिरका तल गडेका जगमा रहेका ढुंगाजस्ता कति सहिदहरू भए, आजको उत्साहको दिनमा हामीहरूले तिनीहरूलाई सम्झिनुपर्छ, जसको त्याग र बलिदानबाट आज यस ठाउँमा म उभिएर तपाईंहरूसँग केही भन्न पाइरहेछु ।'

राजनीतिक वा शासकीय व्यवस्थाको अर्को रूपमात्रै परिवर्तन होइन । त्यसले जनताको जीवनशैलीलाई छुन सक्नुपर्छ ।

यसबाट प्रस्ट हुन्छ बीपी गर्भ सिद्धान्तको त्यो समाजवादका हरेक आत्मामा युवा हृदय धड्किन्थ्यो । र, 'समाजवाद'को ऐना हेर्न नेपाली कांग्रेसको पंख बनेर उडेका युवाले त्यो बेला प्रजातान्त्रिक लडाइँको आकाश थामेका थिए । भदौ २४ गते । अर्थात्, आजभन्दा करिब १११ वर्षअघि आजकै दिन नेपाली राजनीतिमा एउटा अजरअमर विचार जन्मिएको दिन । अर्थात् त्यो विचार हो- बीपी कोइराला । यतिबेला 'जेन-जी' अर्थात् 'जेनेरेसन जेड' भनेर चिनिने नयाँ पुस्ता जागेको छ । इन्टरनेटको युगमा जन्मिएको यो पुस्ताको विद्रोह चेत अब सडकसम्मै ओइरिन थालेको छ । यो त्यही पुस्ता हो- जहाँ देशको सुदूर भविष्य आजै उनीहरूमाथि छ । अर्थात् यो पुस्ता भनेको मात्रै भविष्य होइन । यो वर्तमान पनि हो । हामी यो पुस्तालाई कस्तो भविष्यको बाटोमा डोहोर्‍याउँदैछौं अर्थात् नीतिनिर्माण तहमा बसेकाहरूले कस्तो भविष्य निर्माण गर्दछौं, त्यसको छनक यो पुस्ताले पाइसकेको छ । त्यसैले यो पुस्तामा विद्रोहको चेत जुर्मुराएको हो ।

परिवर्तनको त्यो बेजोड युवा पुस्तालाई हामीले सत्ता चुम्ने भर्‍याङमात्रै बनायौं। उनीहरूको त्याग, बलिदान र सपनाहरूलाई हामीले त्यसपछि स्वाट्टै छोडिदियौं। किनकि देशमा युवाका लागि चाहिने नीति निर्माणको तहमा यो पुस्ता होइन, उही प्राचीन पुस्ता नै छ।

विश्व राजनीतिको एउटा भड्खालो समयमा जन्मिएका बीपी ३६ वर्षकै तन्नेरी उमेरमा देशको प्रधानमन्त्री हुनुभयो । राजनीतिक परिवारमै जन्मिनुभएका बीपीमात्रै एक व्यक्ति होइन । उहाँ आफैंमा एक सिंगो विचारपुञ्ज पनि हो । नेपालको शासन सत्तामा कब्जा गरेर १०४ वर्षसम्म नेपाली नागरिकलाई 'रैती' बनाएको जहाँनियाँ राणा शासनविरुद्ध क्रान्तिको बिगुल समाउँदा महामानव बीपी कोइराला ३६ वर्षका तन्नेरी थिए । आफूजस्ता युवाहरूलाई उनले 'तरुण' भन्थे । नेपाली कांग्रेसमा पछिमात्रै गठन भएको बीपी परिकल्पनाको त्यही आयाम थियो । राणातन्त्रको अन्त्य गर्दै बीपी ३६ वर्षमै गृहमन्त्री बने । इतिहासका अझ अघिल्ला पानाहरू पल्टाउने हो भने र तन्नेरी वयहरू ज्यानमा खेल्दै गर्दा २० वर्षमै त्यो बेला पृथ्वीनारायण शाहले नेपालको एकीकरण सुरु गरिसकेका थिए ।

नेपालमा राणाशासन विरुद्धमात्रै होइन, त्यो बेला दक्षिण एसियामा मात्रै होइन, विश्वका धेरै राष्ट्रमा बीपी उमेरकै समकालीनहरूले क्रान्ति अनि राष्ट्रको नेतृत्व गरिरहेका थिए । विश्वमा चलिरहेको प्रजातान्त्रिक आन्दोलनको लहरले धेरै 'तरुण'लाई नेता बनाएको थियो र राष्ट्र अनि सरकारको नेतृत्व गर्ने अवसर पनि दिलाएको थियो । छिमेकी पाकिस्तानमा ३५ वर्षीया बेनजिर भुट्टो प्रधानमन्त्री नै भइसकेकी थिइन् । दक्षिण तथा पूर्वी एसियाका धेरै देशमा चलेको प्रजातान्त्रिक आन्दोलनबाट धेरै त्यस्ता तन्नेरीहरू नेतृत्वमा थिए ।

तर आज हामी देखिरहेका छौं, युवापुस्ता राजनीतिबाट अलग छ । बालापनबाट किशोरवय हुँदै गर्दा हरेक युवाको सपना विश्वका सम्पन्न देशमा सयर गरिरहेको हुन्छ । यसको अर्थ हो, हामीले युवा पुस्तालाई राजनीतिमा जोड्न सकेका छैनौं । अर्थात्, बीपीजस्ता दूरदर्शी नेतृत्वले परिकल्पना गरेको राष्ट्र निर्माणमा हामीले युवा कडीलाई जोड्न असफल भइसकेका छौं । आजको युवा राजनीतिको 'र' पनि सुन्न चाहन्न । राष्ट्र निर्माणका लागि युवाको यो हदसम्मको 'नफरत' अन्ततः देशकै भविष्यको अँध्यारो बाटो पनि हो । यसमा न आजको नेतृत्व चिन्तित छ न राष्ट्रको भविष्यप्रति युवा नै ।

युवा अर्थात् बीपीकै भाष्यमा तरुणकै ताकतबाटै देशमा परिवर्तन सम्भव छ भनेर उहाँले नै २०१० सालमा नेपाल तरुण दल गठन गर्नु भएको थियो । नेपाली कांग्रेसको एक भ्रातृ संगठनका रूपमा स्थापित यही तरुण दल नेपालमा भएका प्रजातान्त्रिक आन्दोलन अनि हरेक परिवर्तनका लागि पार्टीको बलियो खम्बामात्रै बनेन, बरु हरेक परिवर्तनको बलियो साझेदार पनि रह्यो । त्यसैले देशका निम्ति तरुण पुस्ताको योगदान यति महत्वपूर्ण हुन्छ कि त्यसको कुनै मापन नै हुँदैन ।

यस्तो पुस्ताका लागि हाम्रा शासकहरू किन गम्भीर भएनन् ? किन कहिल्यै यो झर्झराउँदो पुस्ताका बारेका केही सोचिएन ? आज यो पुस्ताले घरमै बसिबसी सारा संसार बुझेको छ । सारा ब्रह्माण्ड उसले एक क्लिकमै बुझ्न सक्छ । अग्रगतिमा छलाङ लगाउन सक्ने यो 'स्मार्ट' पुस्तालाई राज्यले कहिल्यै सम्बोधन गर्न चाहेन । हाम्रा नीतिनिर्माता, शासक अर्थात् भनौं नेताहरू कस्ता भइदिए भने उनीहरूले आफ्नोबाहेक अरू केही सोचेनन् । देशका लागिभन्दा आफ्नै सन्तानका लागि मात्रै उनीहरूमा स्वार्थ बाक्लिन थाल्यो । विस्तारै राजनीति र नयाँ पुस्ताको दूरी यतिसम्म गहिरिँदै गयो कि अब त्यो खाडल पुरिनका लागि साँच्चिकै ठूलो संघर्ष नै चाहिन्छ ।

आज जेन जी पुस्ताको यो विद्रोह त्यसैको परिणाम हो । अर्थात् यो पुस्ता चाहन्छ देश यही पुस्ताको हो । विकास यही पुस्ताका लागि चाहिन्छ । राज्यका सेवा सुविधा यही पुस्तामै वितरीत हुनुपर्छ । स्वतन्त्रता अनि समानताको समान वितरण नहुँदा नै अहिलेको पुस्ता विद्रोहमा उत्रिन बाध्य भएको हो । यो मात्रै नेपालको समस्या होइन, संसारभरि नै यस्तै छ । अधिकारको प्रत्यायोजन अनि अवसरको असमान वितरणको प्रभाव अहिले संसारभरि नै आगोसरी फैलिइरहेको छ । नेपालमा पनि 'भर्चुअल' रूपमा भित्रभित्रै सल्किरहेको यो पुस्ताको विद्रोह र असन्तुष्टि सडकसम्मै पोखिएको छ । यसबाट पनि नेता र नेतृत्व सच्चिन चाहेनन् भने विद्रोहको यो आगोले साँच्चिकै सबैलाई खरानी बनाउने छ । यो कठोर सत्यलाई तत्कालै आत्मसात् गर्न जरुरी छ ।

नेताका छोराछोरी, हुनेखानेका छोराछोरी अनि केही 'गरिखाने' प्रयास गरिरहेका यो नयाँ पुस्ताबीचको असमानताको खाडल आजको पुस्ताले पुर्न चाहेको हो । त्यसैले संसारभरि चलिरहेको 'नेपो बेबी' अर्थात् 'नेपोटिज्म'जस्ता असमानताको प्रवृत्ति अन्त्य गर्नु नै यो पुस्ताको भविष्यलाई उज्यालोतर्फ डोहोर्‍याउनु हो । बीपीले त्यो युगमै परिकल्पना गर्नुभएको प्रजातान्त्रिक समाजवादको मूलभूत आदर्श नै यस्तै राजनीतिको थियो । अर्थात्, अधिकार र अवसरको समान वितरण । उत्पादन र बजारीकरणको सामञ्जस्यता ।

त्यो बेला आफ्ना कार्यकर्ताहरूलाई सम्बोधन गर्दै एउटा पत्रमा राजनीति के हो भन्नेबारे सम्झाउनु भएको छ, 'राजनीति भनेको मोक्षको मार्ग होइन । पार्टी मुमुक्षुहरूको दलजस्तो निस्पृह र निर्विकल्प हुन सकेन भनेर कसैले गुनासो गर्दछ भने त्यो उसको मूर्खता हो । मेरो मनाइको तात्पर्य के हो भने माथिका नैतिकताबारेका दुबै दृष्टिकोण अतिवादका उदाहरण मात्र छन् । राजनीति र नैतिकताको एउटा उपयुक्त समन्वय खोज्ने अवसर आज नेपाली राजनीतिमा आइसकेको छ । म चाहन्छु, देशको राजनीतिमा अग्रणी, हाम्रो पार्टीले नै यसबारे पनि एउटा नयाँ बाटो र सर्वथा अभिनव प्रयोगको प्रारम्भ गर्नुपर्छ । र कसले भन्न सक्छ, यसको प्रभाव कालान्तरमा हाम्रो देशको सीमा नाघेर अघि पनि बढ्न सक्छ ।'

आज हामीले फर्केर हेर्‍यौं, इतिहासप्रति जति हामी गमक्क पर्छौं । आज के गरिरहेका छौं ? हाम्रा पुस्ताका लागि हामीले के गर्‍यौं, गर्नुपर्ने के थियो ? आज जसरी हरेक क्षेत्रमा असन्तुष्टिको पहाड चुलिँदैछ । एक दिन राजनीतिको गति पनि त्यही पहाडले नछेक्ला भन्न सकिन्न । आजको पुस्तालाई राजनीतिसँग त्यत्ति लगाव छैन । ऊ राजनीति चाहँदैन, बरु उसको चेतले भन्छ- नेताहरूले हाम्रो भविष्य बर्बाद गर्दैछन् । स्वतन्त्र अनि निष्फिक्री जिन्दगीमा रमाउन चाहेको आजको पुस्तालाई नजानिँदो तरिकाले हामीले नै बिथोलिरहेका छौं । परिवर्तनको त्यो बेजोड युवा पुस्तालाई हामीले सत्ता चुम्ने भर्‍याङमात्रै बनायौं । उनीहरूको त्याग, बलिदान र सपनाहरूलाई हामीले त्यसपछि स्वाट्टै छोडिदियौं । आज अनि भोलिका लागि तयार हुँदै गरेको पुस्तालाई राजनीतिमा आकर्षित गर्न कुनै पनि राजनीतिक दलहरूसँग त्यस्तो कुनै नीतिहरू छैनन् । विश्वका कतिपय देशहरूमा हेर्‍यौं भने धेरै त्यस्ता राष्ट्रहरू समृद्धिको आकाशमा उडिरहेका छन्, जहाँ युवा पुस्ताले राष्ट्रको नेतृत्व गरिरहेको छ । तर हाम्रो देशमा युवाका लागि चाहिने नीति निर्माणको तहमा यो पुस्ता होइन, उही प्राचीन पुस्ता नै छ ।

अब सच्चिनै पर्छ । परिवर्तन यही पुस्तामै हुनुपर्छ । राजनीतिक वा शासकीय व्यवस्थाको अर्को रूपमात्रै परिवर्तन होइन । त्यसले जनताको जीवनशैलीलाई छुन सक्नुपर्छ । परिवर्तनले जनताको जीवनमा महसुस हुन सक्नुपर्छ । नत्र यो पुस्ताले भ्रष्टाचार भ्रष्ट (राज) नीति अनि वंशवादका विरुद्ध फुकेको आगोले भोलि के केसम्म खरानी बनाउन सक्छ भन्ने कुराको आयतन अनन्त हुन सक्छ ।




## अन्तराष्ट्रिय समाचार

# बङ्गलादेशमा हसिनाको पतनपछि सेनाको सहजीकरणमा भएको थियो अन्तरिम सरकार गठन

**काठमाडौं-** गत वर्षको जुलाई महिनाको अन्त्य र अगस्टको शुरुतिर बङ्गलादेशमा व्यापक आन्दोलन चलिरहेको थियो । १५ वर्षदेखि शेख हसिना प्रधानमन्त्री थिइन् । हसिनाले स्वतन्त्रता सङ्ग्राम लडेका सैनिकका सन्तानलाई सरकारी सेवामा कोटा बढाएको विरोधमा शुरु भएको आन्दोलन चर्किंदै थियो ।

पछि हसिनाले कोटा बढाउने कदमबाट पछि हटिन् । तर, आन्दोलन थामिएन । आन्दोलनकारीले सरकारी कार्यालय, नेता मन्त्रीका घरमा प्रवेश गरी तोडफोड र आगजनी गर्न लागे ।

सुरक्षाकर्मीले आन्दोलन दबाउन बल प्रयोग गऱ्यो । सुरक्षाकर्मीको गोली लागेर सयौं आन्दोलनकारी मारिए । सुरक्षामर्कीको दमनले आन्दोलन अझ उग्र भयो । सुरक्षाकर्मीले आन्दोलन नियन्त्रणमा लिन सकेनन् ।



हसिनालाई सेनाले साथ देला भन्ने अपेक्षा थियो । सेनाले साथ दिए आन्दोलनलाई जसरी भएपनि दबाएरै छाड्ने उनको विचार थियो । हुन पनि सेनाप्रमुख वाकार उज-जमान हसिनाका टाढाका नातेदार पर्थे ।

अगस्टको पहिलो साता आन्दोलन चर्किन थालेपछि जमानसँग हसिनाले संवाद गरिन् । तर, जमानले हसिनाको पक्ष लिन मानेनन् । उनले हसिनालाई राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गरे । विद्यार्थी र युवाको नेतृत्वमा भएको आन्दोलन दबाउन सेनाले साथ नदिने भएपछि गत वर्ष अगस्ट ५ का दिन हसिनाले घुँडा टेकिन् । उनले दिएको राजीनामा स्वीकृत गर्दै राष्ट्रपति मोहम्मद शहाबुद्दिनले संसद भङ्गको घोषणा गरे । उनी भागेर भारत पुगिन् । अझै उनी भारतमै बसिरहेकी छिन् । त्यसपछि सेनाप्रमुख जमानले पत्रकार सम्मेलन आयोजना गर्दै देशको सम्पूर्ण व्यवस्था आफूले नियन्त्रणमा लिएको घोषणा गरे । उनले प्रदर्शनकारीको माग पूरा गर्न सेनाले पूर्ण साथ दिने बाचा गरे । उनले सबै पक्षलाई वार्तामा आउन र छलफल गरी अन्तरिम सरकार गठन गर्न आह्वान पनि गरे । जमानको आह्वानअनुसार आन्दोलनको नेतृत्व गरेका विद्यार्थी नेताहरु, अन्य दलका नेताहरु, बुद्धिजीवि र अन्य नागरिक समाजका अगुवाहरुको बैठक डाकियो । बैठकको निर्णयअनुसार राष्ट्रपति शाहबुद्दिनले नोबेल पुरस्कार विजेता मोहम्मद युनुसलाई अन्तरिम सरकारप्रमुख नियुक्त गरे । त्यसबेला युनुस स्वास्थ्य जाँचका लागि फ्रान्सको राजधानी पेरिसमा थिए । तर, आन्दोलनकारीको विशेष आग्रहमा उनी बङ्गलादेश फर्किए । पछि उनले विद्यार्थी नेता, नागरिक समाजका अगुवा लगायत सम्मिलित मन्त्रिपरिषद गठन गरे । युनुसलाई नयाँ निर्वाचन गराउने म्यान्डेटसहित अन्तरिम सरकारको प्रमुख सल्लाहकार पद दिएर नेतृत्व प्रदान गरियो । अहिले पनि उनै युनुसले बङ्गलादेशको अन्तरिम सरकार चलाइरहेका छन् ।

उनले अर्को वर्षको फेब्रुअरी महिनामा निर्वाचन गराउने बाचा गरेका छन् ।

# पूर्वी युक्रेनमा रूसी हवाई आक्रमण : कम्तीमा २० जनाको मृत्यु

एजेन्सी - युक्रेनको पूर्वी डोनेट्स्क क्षेत्रमा मङ्गलबार भएको रुसी हमलामा कम्तीमा २० जनाको मृत्यु भएको राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सामाजिक सञ्जालमार्फत बताएका छन्रु । मस्कोले अझै पूर्ण नियन्त्रण नलिए पनि औद्योगिक क्षेत्रलाई रुसको हिस्सा दाबी गरेको छ । किएभका अनुसार, क्रेमलिनले नयाँ आक्रमणका लागि फ्रन्टलाइनमा करिब एक लाख सेना परिचालन गरिसकेको छ ।

'डोनेट्स्कको यारोभा गाउँमा पेन्सन वितरण भइरहेको बेला रूसी युद्धविमानबाट प्रत्यक्ष नागरिकमाथि आक्रमण भयो । प्रारम्भिक विवरणअनुसार २० जनाभन्दा बढीको मृत्यु भएको छ', जेलेन्स्कीले आफ्नो पोस्टमा लेखेका छन् ।

डोनेट्स्कका गभर्नरले २१ जनाको मृत्यु र सोही सङ्ख्यामा घाइते भएको जानकारी दिए । जेलेन्स्कीले घटनास्थलबाट लिइएका भिडियोसमेत सार्वजनिक गरे, जसमा खेलमैदान नजिकै जलेको मिनी-भ्यान, छरिएका लाश, व्यक्तिगत सामान, कागज र जुत्ताहरू देखिन्थे । एएफपीले युक्रेनी अधिकारीहरूले पोस्ट गरेका ती तस्बिरहरू स्वतन्त्र रूपमा प्रमाणित गर्न सकेको छैन ।

युद्धपूर्व करिब एक हजार नौ सय जनसङ्ख्या रहेको यारोभा अग्रपङ्क्तिबाट करिब आठ किलोमिटर (पाँच माइल) टाढा पर्छ ।


जेलेन्स्कीले अन्तर्राष्ट्रिय समर्थनको आह्वान गर्दै भने, 'संयुक्त राज्य अमेरिकाबाट प्रतिक्रिया आवश्यक छ । युरोपबाट प्रतिक्रिया आवश्यक छ । जी-२० बाट प्रतिक्रिया आवश्यक छ । रुसले मृत्यु ल्याउने काम रोक्न कठोर कदम चालिनुपर्छ ।'

## बिमालेख हराएको सुचना

जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं ७ बस्ने सगिर अँसारी सानिमा रिलायन्स लाईफ ईन्सुरेन्स लिमिटेडको बिमालेख नम्बर २०६००००००००१३६ को २०८०/०५/१७ गते सानिमा रिलायन्स लाईफ ईन्सुरेन्स लिमिटेड कलैया शाखाबाट बिमालेख फाईल लिएर आफ्नो घर तर्फ जाने क्रममा बाटोमा हराएको हुँदा नजिकको प्रहरी चौकी वा मोबाइल नम्बर ९८२११७२७१० मा सम्पर्क गरी बुझाईदिनु हुन अनुरोध छ ।

## बिमालेख हराएको सुचना

जिल्ला बारा प्रस्टोका वडा नं २ बस्ने हुसनजान अँसारी सानिमा रिलायन्स लाईफ ईन्सुरेन्स लिमिटेडको बिमालेख नम्बर ३०१००००००३८६ को २०८०/०४/१७ गते सानिमा रिलायन्स लाईफ ईन्सुरेन्स लिमिटेड कलैया शाखाबाट बिमालेख फाईल लिएर आफ्नो घर तर्फ जाने क्रममा बाटोमा हराएको हुँदा नजिकको प्रहरी चौकी वा मोबाइल नम्बर ९८२४२०७७४१ मा सम्पर्क गरी बुझाईदिनु हुन अनुरोध छ ।










विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# नेपालको इतिहासमा अभूतपूर्व विद्रोहः जेनजीको ४८ घण्टे 'कु' राज्य नियन्त्रण बाहिर

***काठमाडौं, २४ भाद्र***

नेपालको राजनीतिक इतिहासमा यस्तो दिन सायदै आएको थियो ।

युवाहरूको आक्रोशले ४८ घण्टाभित्रै राज्यका सम्पूर्ण मुख्य अंगहरूलाई घुँडा टेकाएको छ । सोमबार सुरु भएको शान्तिपूर्ण प्रदर्शन, २० युवाको निधनपछि मंगलबार अभूतपूर्व विद्रोहमा परिणत भयो । जेनजी प्रदर्शनकारीले देशको मुटु मानिने सिंहदरबार र संसद् भवनलाई कब्जामा लिएर जलाएका छन्, जसले वर्तमान सरकार र राजनीतिक प्रणालीलाई नै चुनौती दिएको छ ।



***आगलागी र तोडफोडको श्रृङ्खला***

मंगलबार बिहानैदेखि आक्रोशित युवाहरूले सुरुमा मुख्य राजनीतिक दलका नेताहरूको निजी निवासलाई निशाना बनाए । नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका नेताहरूको घरमा तोडफोड र आगजनी भयो । यसक्रममा कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी श्रीमती डा । आरजु राणा देउवामाथि गम्भीर आक्रमण भएको छ, र देउवाको अवस्था गम्भीर रहेको जनाइएको छ ।

त्यसपछि प्रदर्शनकारीको ध्यान राज्यका मुख्य केन्द्रहरूमा सोझियो । उनीहरूले संसद् भवनमा प्रवेश गरी आगजनी गरे र त्यसलाई पूर्ण रूपमा कब्जामा लिए । लगत्तै, उनीहरू सिंहदरबारतर्फ अघि बढे । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोडफोड गरी पूर्ण नियन्त्रणमा लिएपछि राज्यको प्रशासनिक संयन्त्र पूर्ण रूपमा ठप्प भएको छ ।

यस विद्रोहको निशानाबाट न्यायपालिका पनि अछुतो रहेन । प्रदर्शनकारीहरूले सर्वोच्च अदालतमा समेत आगजनी र तोडफोड गरी क्षति पुर्‍याएका छन्, जसले न्याय र कानुनको शासनमाथि पनि प्रश्नचिह्न खडा गरेको छ ।

***प्रधानमन्त्रीको राजीनामा, तर आक्रोश यथावत्***

प्रधानमन्त्री केपी शर्मा ओलीले तत्काल राजीनामा दिए पनि प्रदर्शनकारीको आन्दोलन रोकिएको छैन । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले सार्वजनिक रूपमा संयमता अपनाउन आग्रह गर्दा पनि आन्दोलन झन् उग्र हुँदै गएको छ । नेताहरूमाथि आक्रमण भइरहेका सूचनाहरू लगातार आइरहेका छन् । मिडिया हाउसहरूमा समेत आक्रमण भएका छन्, जसले सूचनाको प्रवाहलाई बाधित गरेको छ । अन्तिम खबर प्राप्त हुँदासम्म, प्रदर्शनकारीहरूले शीतल निवास राष्ट्रपति कार्यालय पनि जलाएका छन्, जसले नेपालको शासन व्यवस्था अब पूर्ण रूपमा जेनजीहरूको हातमा पुगेको संकेत गर्दछ ।

यस घटनाले नेपालको लोकतान्त्रिक प्रणाली र राज्य व्यवस्थाको भविष्यमाथि गम्भीर प्रश्नहरू खडा गरेको छ । के यो आक्रोशले नयाँ राजनीतिक मार्ग प्रशस्त गर्नेछ वा अराजकताको चक्रमा फसाउनेछ, त्यो हेर्न बाँकी नै छ ।

# अनिश्चितकालीन यातायात बन्दको घोषणा

बारा , २४ भाद्र

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले देशव्यापी रूपमा अनिश्चित कालीन सार्वजनिक तथा ढुवानी यातायात सेवा बन्द गर्ने घोषणा गरेको छ ।



महासङ्घले सोमबार जेन-जी पुस्ताले गरेको शान्तिपूर्ण प्रदर्शनमा सरकारको दमनका कारण १९ जना विद्यार्थीको मृत्यु भएको र देशभर जनजीवन प्रभावित भई कर्फ्यु लगाइएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै शान्ति सुरक्षाको प्रत्याभूति नभएसम्म सेवा सञ्चालन नगर्ने जनाएको छ ।

महासङ्घले नेपाल सरकारसँग उनीहरूको उपचारको व्यवस्था मिलाउन पनि माग गरेको छ । साथै महासङ्घका सम्पूर्ण सदस्य सङ्घ, समिति, कम्पनी तथा प्रालिहरुलाई घाइतेहरूको उपचारका लागि सक्दो सहयोग गर्न पनि अनुरोध गरिएको छ ।

नेपाल सरकारबाट उचित शान्ति सुरक्षाको प्रत्याभूति नभएसम्मका लागि देशभर यात्रुवाहक र मालवाहक सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालन नगर्नर नगराउन महासङ्घले आफ्ना सम्पूर्ण सदस्य सङ्घ, समिति, कम्पनी तथा प्रालिहरुलाई विज्ञप्तिमार्फत अनुरोध गरेको छ ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

- -सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- -निर्माण सामाग्री/व्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
- -घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
- -नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
- -सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
- -सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
- -बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, बारा


# जेनजी आन्दोलनमा नेपाली कांग्रेसको सभापति देउवा दम्पतीमाथि आक्रमण

***काठमाडौं, २४ भाद्र***

देशभर चर्किँदै गएको जेनजी आन्दोलनले मंगलबार काठमाडौंमा उग्र रूप लिँदा पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नी डा. आरजु राणा देउवा आक्रमणमा परेका छन् ।





प्रदर्शनकारी युवाहरूको एक समूहले सिंहदरबार नजिकै देउवा दम्पतीमाथि हातपात गरेको हो । उनीहरूलाई सुरक्षाकर्मीले तत्काल उद्धार गरे पनि सामान्य चोटपटक लागेको जनाइएको छ । जेनजी (**Gen–Z**) युवाहरूको नेतृत्वमा भइरहेको यो आन्दोलनले आज सिंहदरबार, संसद भवन, शीर्ष नेताहरूको निवासलगायत संवेदनशील क्षेत्रमा तोडफोड र आगजनी गरेको छ । त्यस्तै, नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रका पार्टी कार्यालयहरूमा समेत आक्रमण भएको छ । प्रहरी प्रभागहरूमा समेत निरन्तर आक्रमण भइरहेको र दर्जनौं प्रहरी घाइते भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ । सरकारले प्रदर्शन नियन्त्रणका लागि थप सुरक्षा फौज परिचालन गरेको छ भने राजधानीका मुख्य क्षेत्रहरूमा कर्फ्युको तयारी भइरहेको छ । युवाहरूको आक्रोशको कारण र मागहरूबारे हालसम्म स्पष्ट विवरण आएको छैन, तर लामो समयदेखि बेरोजगारी, शिक्षा प्रणाली र राजनीतिक नेतृत्वप्रति असन्तुष्टि रहेको बताइएको छ ।

# जेलबाट निस्केपछि रविको अपिल : देशको सम्पत्ति जोगाऔँ, जेनजीको नेतृत्व स्वीकारौँ

***काठमाडौं, २४ भाद्र***

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जेन-जी आन्दोलनलाई संयमित रुपमा अघि बढाउन अपिल गरेका छन् ।



उनले आन्दोलनमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली र घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्दै देशको सम्पत्ति जोगाउन सबैलाई आग्रह गरेका हुन् ।

आइतबार सार्वजनिक अपिलमा लामिछानेले भनेका छन्, 'देशका लुटेराहरूले तीन पुस्तासम्म लुटेर जोडेका सम्पत्ति राष्ट्रियकरण हुनुपर्छ । यिनीहरू कानुनी दायरामा आउनैपर्छ । तर, हामीले अब अत्यन्त संयमित भई राष्ट्रको सम्पत्ति जोगाउन जरुरी छ ।'

उनले प्रहरी, न्यायालय र सुरक्षासम्बन्धी दस्तावेजहरू राष्ट्रका महत्वपूर्ण सम्पत्ति भएको उल्लेख गर्दै ती क्षति हुँदा मुलुककै लागि गम्भीर परिणाम आउने चेतावनी दिए ।

लामिछानेले आन्दोलनलाई शुद्ध रूपमा जेनजी पुस्ताको नेतृत्वमा अघि बढाउनुपर्नेमा जोड दिँदै भने, 'म नागरिक सर्वोच्चताको पक्षमा छु र मुलुकको अबको नेतृत्व जेनजीकै माग र परिकल्पनाअनुसार अघि बढ्नुपर्छ भन्नेमा स्पष्ट छु ।'

कारागारबाट कानुनी प्रक्रियामार्फत् मात्रै मुक्त भई आमनागरिकबीच आएको उनले प्रष्ट्याउँदै आगामी दिनमा आवश्यक कानुनी प्रक्रियाका लागि आफू सदैव तयार रहने बताएका छन् ।

# मेयर बालेन साहको आन्दोलनकारीलाई हिंसा रोक्न अपिल, संसद विघटनको माग

***काठमाडौं, २४ भाद्र***

काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले देशभर चर्किएको जेनजी आन्दोलनका प्रदर्शनकारीहरूलाई हिंसा र तोडफोडका कार्य रोक्न अपिल गरेका छन् । उनले सार्वजनिक सम्पत्तिहरूको सुरक्षा गर्न पनि आग्रह गरेका छन् । सामाजिक सञ्जालमा एक सन्देश जारी गर्दै मेयर साहले अब जेनजी पुस्ताले देशको नेतृत्व गर्ने समय आएको बताउँदै सेना प्रमुखसँग वार्ता गर्न तयार रहन प्रदर्शनकारीहरूलाई आग्रह गरेका छन् । तर त्यसका लागि सबैभन्दा पहिले संसद विघटन हुनुपर्ने उनको भनाइ छ । मेयर साहको यो अपिल हालै प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएको र सुरक्षा निकायले राजनीतिक संवादका लागि आह्वान गरेको परिस्थितिपछि आएको हो ।




## जनहितमा जारी सन्देश

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
ध्याङडाँडा, पर्सा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा